









# प्रोलिन्नोभा नेपाल खबर-पत्रिका

वर्ष १, अङ्क १ वैशाख-असोज, २०६४

## सम्पादकीय

स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रम गैर सरकारी संस्थाहरूको अग्रसरतामा स्थानीय अन्वेषणको पहिचान तथा प्रवर्द्धन गर्ने विश्वव्यापी सिक्ने र सिकाउने सञ्जालमा लागेको कार्यक्रम हो । यसलाई अङ्ग्रेजीमा प्रोमोटिङ लोकल इन्नोभेशन (PROmoting Local INNOVAtion) भनिन्छ । यसलाई सङक्षेपमा प्रोलिन्नोभा (PROLINNOVA) भनिन्छ ।

प्रोलिन्नोभा नेपाल प्रोग्रामको पहिलो प्रयास स्वरुप नेपालमा कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापनमा हुने गरेका अन्वेषण तथा अन्वेषकहरूको गतिविधि, तिनिहरूको परिचय र चिनारी, स्थानीय अन्वेषणसम्बन्धि समाचार र साथै स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रमका गतिविधिहरू समेटी यो अर्धवार्षिक खबर पत्रिकाको प्रथम अङ्क प्रकाशन गर्ने जमर्को गरेका छौं । देशभरी यतत्र छरिएर रहेका थुप्रै अन्वेषणहरूको पहिचान, अभिलेखिकरण, प्रवर्द्धन तथा प्रचार प्रसारमा जुटेको यस कार्यक्रमलाई तपाईहरूबाट आआफ्ना गाँउ तथा छिमेकमा रहेका यस्ता अन्वेषण सम्बन्धि सूचनाहरू हामीलाई प्रेषित गर्नु भई भरपूर सहयोग गर्नु हुनेछ भनी आशा लिएका छौं ।

## स्थानीय अन्वेषण प्रवर्धन कार्यक्रम : एक परिचय

स्थानीय आवश्यकताहरूको परिपूर्तिका लागि स्थानीय स्रोतसाधनमा आधारित रही स्थानीय अगुवाइ र सहभागितामा सामाजिक तथा सांस्कृतिक पक्षलाई आधार मान्दै स्थानीय परम्परागत ज्ञानलाई समयानुकूल परिवर्तन गराई जन्म हुने प्रविधि नै स्थानीय अन्वेषण हो । यसले स्थानीय ज्ञान तथा असहज परिस्थितिमा स्रोत व्यवस्थापनका लागि स्थानीय परिस्थिति अनुकूलका प्रणालीहरूको विकास गर्न मद्दत पुऱ्याउँदछ । यी प्रणालीहरूले कृषकहरूको खाद्यसुरक्षा, जीविकोपार्जनमा सहयोग पुऱ्याउनुका साथै वातावरण संरक्षणमा पनि योगदान पुऱ्याउँदछ । त्यस्ता स्थानीय अन्वेषणहरूको पहिचान तथा व्यापक रूपमा प्रचार-प्रसार हुन नसकी एउटै ठाउँमा सीमित हुन पुगेका छन् । कतिपय स्थानीय अन्वेषणहरू लोप भइसकेका छन् भने कतिपय लोप हुने अवस्था पुगेका छन् । यस्ता छरिएर रहेका अन्वेषणहरूको पहिचान, प्रवर्द्धन तथा प्रचार प्रसार गर्ने उद्देश्यले यो कार्यक्रम नेपालमा वि.सं.२०६१ बाट शुरु गरिएको छ ।

स्थानीय अन्वेषणहरूको पहिचान गरी प्रवर्द्धन गर्नका लागि ली-बर्ड, पर्यावरणीय सेवा केन्द्र, प्राक्टिकल एक्सन नेपाल, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान र जिल्ला कृषि विकास कार्यालय मुस्ताङ गरी पाँचवटा संस्थाहरूको संलग्नतामा स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रमको दोस्रो चरण (सन् २००७ देखि २०१० सम्म) सञ्चालन भइरहेको छ । ली-बर्डले स्थानीय अन्वेषण सहयोग कोष र सहभागीमूलक भिडियो, पर्यावरणीय सेवा केन्द्रले स्थानीय अन्वेषण अभिलेखीकरण, प्राक्टिकल एक्सन नेपालले स्थानीय अन्वेषणहरूलाई प्राविधिक सहयोग, कृषि र पशु विज्ञान अध्ययन संस्थानले सहभागिमूलक अन्वेषण विकासलाई विश्वविद्यालयको पाठ्यक्रममा समायोजन र जिल्ला कृषि विकास कार्यालय मुस्ताङले स्थानीय अन्वेषण अभिलेखिकरणजस्ता कार्यको अभिभारा लिएको छ । स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रम नेपालका अतिरिक्त हालसम्म विश्वका आठवटा देशहरूमा सञ्चालन भइरहेको छ ।

## रणनीति तर्जुमा गर्न कार्य समूह सदस्यको बैठक

स्थानीय अन्वेषण प्रवर्द्धन  कार्यक्रमको प्रत्येक तीन महिनामा बस्ने कार्य समूहको बैठकमा  रणनीति तर्जुमा गर्ने उद्देश्यले २००६, नोभेम्बर  २१ देखि २२ सम्म कार्यक्रमका सदस्यहरूको बैठक बसेको थियो । डि.जि.आई.एस. नेदरल्याण्ड्सको सहयोगमा सञ्चालित स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रमको पहिलो चरण (२००४ - २००६) डिसेम्बर २००६ मा समाप्त भई यो कार्यक्रम नवीकरण भएर २००७ जनवरीदेखि २०१० डिसेम्बरसम्मका लागि थपिएको छ । रणनीति तर्जुमा गर्न कार्यक्रमका सदस्यहरूबीच बसेको बैठकले नयाँ वर्षका लागि योजनाहरू तर्जुमा गर्नुका साथै नयाँ कार्य क्षेत्र एवं कार्य विभाजनका सम्बन्धमा छलफल गरेको थियो । यसै बैठकमा सन् २००७ मा गर्नुपर्ने मुख्य कार्यहरूको पहिचान गरिएका थियो ।

## स्थानीय अन्वेषणसम्बन्धी नीति तर्जुमा तथा अन्वेषकहरूबीच अन्तरक्रियात्मक कार्यक्रम

सहभागीमूलक अन्वेषण विकास एवं स्थानीय अन्वेषण प्रवर्द्धनका लागि प्रोलिन्नोभा नेपाल कार्यक्रमको साझेदार संस्था केयर नेपाल (सन् २००४ देखि २००६ सम्म)को संयोजकत्वमा २०६३ मंसीर २० र २१ गते स्थानीय अन्वेषणसम्बन्धी नीति तर्जुमा तथा अन्वेषकहरूबीच अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिएको थियो । यस कार्यक्रममा नेपाल कृषि अनुसन्धान परिषद्का नीतिनिर्माण विशेषज्ञ डा. देवेन्द्र गौचन, अन्वेषक कृषकहरू, जिल्ला कृषि विकास कार्यालय चितवनका प्रतिनिधि, स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रम कार्य समूहका प्रतिनिधिहरूका साथै कृषि तथा पशु विज्ञान अध्ययन संस्थानका शिक्षक तथा विद्यार्थीहरू उपस्थित थिए । कृषि अनुसन्धानकर्ता, कृषक अन्वेषक तथा कृषि प्रचारप्रसारकर्ताबीचमा सहभागीमूलक अन्वेषण विकासका बारेमा साझा बुझाइको विकास गर्ने, सहभागीमूलक अन्वेषण विकासमा विभिन्न सरोकारवालाहरूको भूमिका पहिचान गरी अन्वेषण विकासको भावी खाका तयार पार्ने र सहभागीमूलक अन्वेषण विकासमा रहेका नीतिगत तथा व्यावहारिक सवालहरूको पहिचान गर्ने र नीतिगत पृष्ठपोषण गर्ने उक्त कार्यक्रमको उद्देश्य रहेको थियो ।

## सहभागीमूलक अन्वेषण विकास तालिम

स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रमले सहभागीमूलक अन्वेषण विकासमा संलग्न व्यक्तिहरूको क्षमता वृद्धि गर्न सहभागिमूलक अन्वेषण विकाससम्बन्धी तालिम सञ्चालन गर्दै आएको छ । सन् २००६ मा विभिन्न साझेदार संस्थाहरूबाट छानिएका २५ फिल्ड कर्मचारीहरू तथा विद्यार्थीहरू (६ महिला र १९ पुरुष) लाई पाँच दिने तालिम दिइएको थियो । स्थानीय अन्वेषण प्रवर्धन कार्यक्रमको नेपाल सचिवालयको संयोजकत्वमा उक्त तालिम उद्योग वाणिज्य सङ्घ नारायणगढमा सञ्चालन गरिएको थियो । स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रम / ली-बर्डका सुमन मानन्धर, प्राक्टिकल एक्सन




नेपालका शरद राई र पर्यावरणीय सेवा केन्द्रका वसन्त रानाभाटले स्रोत व्यक्तिका रूपमा तालिम सञ्चालन गरेका थिए । तालिममा प्रशिक्षकहरूले सहभागीहरूलाई सहभागीमूलक अन्वेषण विकासमा प्रष्ट पारेका थिए । उक्त तालिममा फिल्ड भ्रमण पनि राखिएकाले तालिम अझ प्रभावकारी भएको थियो ।

सन् २००४ सेप्टेम्वर २१ देखि २५ सम्म यस्तै किसिमको तालिम चितवनमा सञ्चालन गरिएको थियो जसमा ली-बर्ड पोखरा, पर्यावरणीय सेवा केन्द्र चितवन, एस.एस.एम.पी. हेल्भेटास, इकार्डस् नेपाल डोटी, जिल्ला कृषि विकास कार्यालय चितवन, ई. डी. एस. सुर्खेत, केयर नेपाल, सिपार्ड दोलखा र आई.टी.डी.जी. (हाल प्राक्टिकल एक्सन्) नेपालका तर्फबाट ११ पुरुष र २ महिला गरी जम्मा १३ जनाले भाग लिनु भएको थियो । उक्त तालिम कार्यक्रममा ली-बर्डका सञ्जय ज्ञवाली तथा पर्यावरणीय सेवा केन्द्र चितवनका वसन्त रानाभाटले स्रोत व्यक्तिका रूपमा भाग लिनुका साथै तालिम कार्यक्रमको संयोजन पनि गर्नुभएको थियो ।

## अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता

अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा सहभागी हुँदा स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रमका सदस्यहरूको विषयगत क्षमता वृद्धि हुनाको साथै उनीहरूबाट कार्यक्रममा अझ बढी योगदान पुऱ्याउन सहयोग मिलेको छ ।

अन्तर्राष्ट्रियस्तरमा हरेक वर्ष हुने गरेको प्रोलिन्नोभा अन्तर्राष्ट्रिय साझेदारहरूको बैठकमा नेपालले पनि भाग लिने गरेको छ । सन् २००६ मार्चमा क्याम्बोडियामा सञ्चालित बैठकमा ली-बर्डका डा. प्रतापकुमार श्रेष्ठ तथा केयर नेपालका डा. राजेन्द्र लामिछानेले

भाग लिनुभएको थियो । यसै गरी सन् २००७ मार्चमा सेनेगलमा सञ्चालित यस्तै बैठकमा ली-बर्डका सुमन मानन्धर र कृषि तथा पशु विज्ञान अध्ययन संस्थानका डा. धर्मराज डंगोलले भाग



लिनुभएको थियो ।

अन्तर्राष्ट्रियस्तरमा हुने सहभागीमूलक अन्वेषण विकास तालिममा नेपालका साझेदार संस्थाका प्रतिनिधिहरूले भाग लिने गरेका छन् । सन् २००४ मा फिलिपिन्समा सञ्चालित तालिम कार्यक्रममा ली-बर्डका सञ्जय ज्ञवाली र पर्यावरणीय सेवा केन्द्रका वसन्त रानाभाटले उक्त तालिममा भाग लिनु भएको थियो । यसै गरी २६ जुनदेखि १२ जुलाई २००६ सम्म युगान्डामा सम्पन्न भएको तालिममा प्राक्टिकल एक्सन नेपालका शरद राई र ली-बर्डका सुमन मानन्धर सहभागी भएका थिए । यसै गरी सन् २००७ जुलाई १६ देखि अगष्ट ३ सम्म इथियोपियामा सञ्चालित यस्तै तालिममा नेपालका तर्फबाट कृषि तथा पशु विज्ञान अध्ययन संस्थानका डा. धर्मराज डंगोलले भाग लिनु भएको थियो ।

सन् २००६ अगष्ट २१ देखि २५ सम्म तान्जानियामा सम्पन्न भएको अन्तर्राष्ट्रिय पैरबीसम्बन्धि तालिममा केयर नेपालका डा. राजेन्द्र लामिछानेले स्थानीय अन्वेषण प्रबर्धन कार्यक्रमको प्रतिनिधित्व गर्नुभएको थियो । यस कार्यक्रमले स्थानीय अन्वेषण प्रवर्द्धनसम्बन्धि नीतिहरू निर्माण एवं तर्जुमा गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

## सहभागीमूलक अन्वेषण विकास कोष तथा कार्यमूलक अनुसन्धान

स्थानीय अन्वेषण प्रवर्धन कार्यक्रमअर्न्तगतका अन्वेषणहरू सम्बन्धी अनुसन्धान, विकास तथा क्षमता वृद्धि, प्रचारप्रसार र प्रवर्द्धनमा आर्थिक एव प्राविधिक सहयोग गर्न स्थानीय अन्वेषण सहयोग कोषको स्थापना गरिएको छ । यस कोष परिचालन र यसको कार्यान्वयनको जिम्मा ली-बर्डले लिएको छ । विभिन्न साझेदार संस्थाहरूमार्फत आएका अन्वेषकहरूको प्रस्तावहरूमा छलफल गरी छनोट भएका अन्वेषणहरूको आवश्यक अनुसन्धान, विकास तथा क्षमताअभिवृद्धि, प्रचारप्रसार र प्रवर्द्धन गर्न अन्वेषकलाई उक्त कोषले सहयोग गर्दछ । स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रमअर्न्तगत सन् २००६ मा नौवटा अन्वेषणहरू अनुसन्धान र विकासका लागि

# अन्वेषक चिनारी

## रोमन न्यौपाने : एक प्रतिभाशाली कृषक अन्वेषक



मिहिनेत गरे अवश्य फल मिल्छ भन्ने विश्वास राख्ने गीतानगर-५, चितवनका कृषक रोमन न्यौपानेले नयाँ खोज अन्वेषण गर्न शिक्षा, ज्ञान र उमेरको आवश्यकता पर्दछ भन्ने मान्यतालाई अब भनाईमा मात्र सीमित राखेका छन् । केटाकेटीदेखि नै नयाँ खोज गर्न रुचाउने न्यौपानेले तालिम र प्राविधिक शिक्षाबिना पानी तान्ने चापाकलदेखि कृषि उपकरणहरूसम्म बनाएका छन् । कवाडीसँग फलाम किनेर थ्रेसरबाट नयाँ अन्वेषण थालेका न्यौपानेले पानी तान्ने चापाकल, गहुँ झार्ने थ्रेसर, मल्टि गेयर साइकल, बायुपङ्खी चुलोलगायतका उपकरणहरू बनाएका छन् ।

न्यौपानेले २०३६ सालदेखि अन्वेषण गर्न थालेका हुन् । त्यसबेला असारमा धान काटेपछि धान झाँट्ने मान्छेको अभाव भएर ३/४ दिन धान खेतमै राख्दा कुहिन लागेको थियो । त्यसरी परम्परागत तरिकाले धान झार्दा मिहिनेत र समय बढी लाग्ने र खेताला पनि समयमा नपाइने समस्या हुँदा त्यसको समाधान गर्न उनले धान झार्ने थ्रेसर बनाउने सोच बनाएका थिए । काठमाडौं गएर फर्कदा एकपटक बाटोमा थ्रेसरले धान झारेको उनले देखेका थिए । त्यत्तिको भरमा उनले आफैंले थ्रेसर बनाउने सोच बनाए । उनले बनाएको थ्रेसरबाट परम्परागत तरिकाभन्दा छिटो, सरल र सजिलो, कम बिग्रने मात्र होइन बजारको मेशिनभन्दा पनि प्रभावकारी ढंगबाट काम सम्पन्न गर्न सकिने उनको दाबी छ । दुई वर्ष अघि उक्त थ्रेसरमा सुधार गरेर पंखा जोडेका छन् जसले गर्दा धान बत्ताउन पनि नपर्ने भएको छ ।

रोमन न्यौपानेले दुई वर्ष अगाडि मात्रै भैंसीको गोठसँगै सानो वर्कशप पनि खोलेका छन् । "गत वर्षदेखि बनाएर बेच्न पनि थालेको छु ।" आठ कक्षा सम्म पढेका हेर्दा सामान्य लाग्ने न्यौपानेले खुशी हुँदै भने । उनले हालसम्म २१ वटा थ्रेसर बेचिसकेका छन् । थ्रेसरको मूल्य ६ देखि २९ हजार रुपैंया पर्दछ । ५२ वर्षको उमेरमा पनि नयाँ खोज र अनुसन्धान गर्न नथाक्ने न्यौपाने आफ्नो व्यवसाय प्रबर्द्धन गर्न लागिरहेका छन् । यस्ता हस्तीहरूको अन्वेषणको प्रचारप्रसार एवं प्रवर्द्धन गरी कृषि क्षेत्रको विकासमा टेवा पुऱ्याउन स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रम प्रतिबद्ध छ ।

छानिएका थिए जसलाई यसै कोषबाट आवश्यक आर्थिक सहयोग प्रदान गरिएको थियो । सहयोग पाउनेमा अन्वेषक रोमन न्यौपान (धान झार्ने थ्रेसर), चन्द्रप्रसाद अधिकारी (सुधारिएको स्थानीय हलो तथा धानखेतमा माछापालन गर्दा पानी कटाउने ड्याङ), बुद्धिराम महतो (आलुभण्डारणका लागि ख्वाङ्गा), उत्तम चौधरी (भेडाबाख्रालाई घाँस राखेर खुवाउने जाली -जालखरी ), टंक बहादुर तामाङ (सुधारिएको घट्ट) , हीराबहादुर मल्ल (कोइलाको ब्रिकेट बनाउन कोइला टुक्र्याउने मेशिन), कृष्णबहादुर तामाङ (अरिङ्गालको पासो) र पम्फा अधिकारी (जैविक मल) थिए । अन्वेषकहरूलाई उनीहरूको आवश्यकताअनुसार अन्वेषणको विकास, अनुसन्धान र प्रचारप्रसारमा सहयोग गरिएको थियो । अन्वेषणहरूको उपयोगिता, क्षमता र अनुकरणात्मकतालाई विचार गरी उक्त अन्वेषणहरूको प्रवर्द्धन गरिएको थियो । यी अन्वेषकहरूले समुदायको सुझाउसँगै उनीहरूको उपस्थितिमा प्रोलिन्नोभा नेपाल प्रोग्रामका साझेदारहरूसँग आवश्यक प्राविधिक सहयोग लिएर सहभागीमूलक अन्वेषण विकास र कार्य अनुसन्धान गर्दै आएका छन् ।

## कृषि तथा पशु विज्ञान अध्ययन संस्थानमा स्थानीय अन्वेषण प्रबर्धन कार्यक्रम

सन् २००५ देखि कृषि तथा पशु विज्ञान अध्ययन संस्थान पनि स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रममा साझेदार संस्थाको रूपमा आवद्ध भएको हो । कृषि क्षेत्रमा हुने नयाँ अन्वेषण र अनुसन्धानको महत्त्वलाई नियाल्दै कृषि तथा पशु विज्ञान अध्ययन संस्थानले सहभागीमूलक अन्वेषण विकासलाई कृषि प्रवीणता प्रमाणपत्र, स्नातक र स्नातकोत्तर तहको पाठ्यक्रममा समायोजन गर्ने कामको जिम्मा लिएको छ । यसै अध्ययन संस्थानको हाताभित्र स्थानीय ज्ञान तथा अन्वेषण स्रोत केन्द्र पनि स्थापना गरिएको छ जहाँ स्थानीय ज्ञान तथा प्रविधिहरू झल्काउने किसिमका नमूनाहरू प्रदर्शन गरिएका छन् ।

## स्थानीय अन्वेषण र सूचना आदानप्रदान

स्थानीय अन्वेषण प्रवर्द्धनका लागि स्थानीय अन्वेषणसम्बन्धी ज्ञान, सूचना र समाचार आदानप्रदान हुनु जरूरी छ । यसै सन्दर्भमा विभिन्न साझेदार संस्थाहरूले आ-आफ्ना परियोजनाका कार्यक्षेत्रहरू रूपन्देही, गुल्मी, चितवन, झापा, इलामलगायतका जिल्लाहरूमा स्थानीय अन्वेषण र सहभागीमूलक अन्वेषण विकाससम्बन्धि सामूहिक छलफल कार्यक्रम सञ्चालन गर्दै आएका छन् । यसै गरी स्थानीय अन्वेषणहरूको प्रचारप्रसार तीव्र बनाई यसबारेको ज्ञान हरेक किसानका घर-घरमा पुऱ्याउन माध्यामिक विद्यालयका विद्यार्थीहरूलाई यस सम्बन्धी कक्षा लिने पनि एउटा राम्रो माध्यमका रूपमा लिइएको छ । उनीहरूलाई आफनो गाउँघरमा भएका अन्वेषणहरू अभिलेखीकरणमा प्रोत्साहित गर्न पुरस्कारको पनि व्यवस्था गरिएको छ । यसै गरी विभिन्न राष्ट्रिय तथा स्थानीयस्तरका पत्रकारहरूलाई अन्वेषकहरूसँग प्रत्यक्ष भेट गराई तिनीहरूको अन्वेषणको प्रचारप्रसारमा थप योगदान पुऱ्याउने कार्य पनि यस कार्यक्रमले गर्ने गर्दछ ।

## स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रमको अन्तर्राष्ट्रिय सुपरिवेक्षण भ्रमण तथा मूल्यांकन

नेपाल लगायत विश्वका अन्य आठवटा राष्ट्रमा सञ्चालन भईरहेको स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रमलाई अन्तर्राष्ट्रिय स्तरमा नेदरल्याण्डस्थित ई.टी.सी. फाउण्डेशन नामक गैह्र सरकारी संस्थाले संयोजन गर्ने गरको छ । उक्त संस्थाले नेपालमा प्रत्येक वर्ष यस कार्यक्रमको सुपरिवेक्षण तथा मूल्याङ्कनका लागि आफ्नो प्रतिनीधि पठाउने गरेको छ । सो कार्यका लागि सन् २००६ अगष्टमा मारियाना वोन्जोस्की तथा सन् २००७ अगष्टमा चेसाकला वात्तासिन्हा नेपाल भ्रमणमा आउनुभएको थियो ।

## स्थानीय अन्वेषण प्रवर्द्धन कार्यक्रमका प्रकाशनहरू




### सम्पादक मण्डल

डा. प्रतापकुमार श्रेष्ठ
डा. धर्मराज डंगोल
सुमन शेखर मानन्धर
सुजाता मानन्धर
शशीश महर्जन

भाषा सम्पादन : शोभाकान्त गौतम

### थप जानकारी तथा पत्राचारका लागि

ली-बर्ड, पोखरा, कास्की, पो.ब. नं. ३२४, टेलिफोन नं. ०६१-५२६८३४, ५३५३५७
फयाक्स् नं.: ९७७-६१-५३९९५६,
इमेल : info@libird.org
वेभ साइट : www.libird.org, www.prolinnova.net